दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१



वर्ष ३८ | अंक ४४ | बुटवल | २०८२ माघ २४ गते, शनिबार | नेपाल संवत ११४६ | Saturday February 07, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## प्रतिनिधिसभा सदस्य निर्वाचन :

# दल र उम्मेदवारले रकम तोकेर चन्दा माग्न नपाइने



**लुम्बिनी संवाददाता**

*बुटवल*

निर्वाचन आयोगले उम्मेदवार तथा राजनीतिक दलहरूले निर्वाचन प्रयोजनका लागि शुभेच्छुकहरूबाट स्वेच्छिक सहयोग लिन पाउने स्पष्ट पारेको छ।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले प्रचलित कानुनको परिधिभित्र रहेर निर्वाचन प्रचार-प्रसारका लागि सहयोग संकलन गर्न बाधा नपर्ने बताएका हुन्।

प्रवक्ता भट्टराईका अनुसार उम्मेदवार वा दलले कसैलाई पनि निश्चित रकम तोकेर चन्दा माग्न भने पाउने छैनन्।

'आफ्नै खातामा चन्दा उठाउन पाउने वा नपाउने कुरा गर्नुभएको छ। हामीसँग चन्दा ऐन छ। निर्वाचनको लागि, प्रचार प्रसारको लागि आफूलाई शुभेच्छुक, समर्थकबाट सहयोग लिने विषय छन्। निर्वाचन सहयोग लिने विषय छ। त्यसमा उम्मेदवारले, दलले मलाई यति सहयोग दिनुपर्छ, भनेर कसैलाई तोकेर माग्न पाइँदैन, स्वेच्छाले दिन चाहन्छौ भने मेरो खाता नम्बर यो भनेर निर्वाचन प्रयोजनका लागि खोलेको खातामा लिन पाउँछ।'-उनले भने।

उम्मेदवारले निर्वाचन प्रयोजनका लागि छुट्टै खाता खोल्नुपर्ने प्रावधान रहेको उल्लेख गर्दै प्रवक्ता भट्टराईले उक्त खातामा संकलित रकम व्यक्तिगत प्रयोजनमा खर्च गर्न नपाइने प्रष्ट पारे।

'त्यसमा उठाएको पैसा निर्वाचन प्रचार प्रसारका लागि छुट्टै खाता खोलिएको कारणले त्यसमा कसैले दिएको सहयोग व्यक्तिका लागि पैसा उठाएको छैन र दुरूपयोग हुँदैन भन्ने विश्वास गर्नुपर्छ। त्यसको दुरूपयोग गरेको खण्डमा त्यसको सम्बोधन हुने नै छ।'- उनले भने।

प्रवक्ता भट्टराईले हालसम्म ८४ लाख ४० हजार थान मतपत्र छपाइ भइसकेको जानकारी दिए। छपाइ भएका मतपत्रहरूमध्ये ७ हजार १३७ वटा बाकसहरू प्याकिङ भइसकेको आयोगले जनाएको छ।

प्रवक्ता भट्टराईका अनुसार हालसम्म ३२ वटा जिल्लाका लागि आवश्यक पर्ने मतपत्रको छपाइ र प्याकिङ कार्य पूर्णरूपमा सम्पन्न भइसकेको छ।

आयोगले बाँकी जिल्लाहरूको मतपत्र छपाइ र व्यवस्थापनको काम पनि युद्धस्तरमा भइरहेको जनाएको छ।

आयोगले यसअघि प्रतिनिधिसभा निर्वाचनको पूर्वतयारीअन्तर्गत टिकटकसँग सहकार्यमा हस्ताक्षर गरेको छ। यस्तै आयोगले मतदाता शिक्षासम्बन्धी विशेष कार्यक्रम स्वीकृत गरी प्रदेशस्तरमा अभिमुखीकरण कार्यक्रमसहित प्रत्येक वडास्तरमा स्वयंसेवक खटाउने तयारी गरेको छ।

समानुपातिक निर्वाचनतर्फ राजनीतिक दलहरूबाट पेस भएका उम्मेदवारहरूको अन्तिम बन्दसूची प्रकाशन गर्नुका साथै प्रत्यक्षतर्फको मतपत्र छपाइ जारी रहेको जनाएको छ। शुक्रबारसम्म ७० बढी निर्वाचन क्षेत्रका ८४ लाख ४० हजार मतपत्र छपाइ सकिएको आयोगले जनाएको छ।

आयोगका अनुसार निर्वाचन आचारसंहिता अनुगमन एवं अनुपालनामा निरन्तरता दिँदै केन्द्रीय आचारसंहिता अनुगमन समितिलगायतका संयन्त्रहरूलाई सक्रिय पारिएको छ।

आयोगले यो हप्ताभरिमामतदाता शिक्षासम्बन्धी विशेष कार्यक्रम स्वीकृत, मतपत्र छपाइ र प्याकिङ, डिजिटल प्लेटफर्मसँग सहकार्य, हानिकारक सूचना पहिचान र कारबाही सिफारिस, निर्वाचन आचारसंहिता कार्यान्वयनको अनुगमन र नियमन, समानुपातिक निर्वाचन प्रणालीतर्फका उम्मेदवारको अन्तिम बन्दसूची सार्वजनिकलगायतका काम पूरा गरेको जनाएको छ। आगामी फागुन २१ गते प्रतिनिधिसभा सदस्य निर्वाचन हुँदैछ।

## रास्वपा दलाल पुँजवादी हो : प्रचण्ड



बुटवल। नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले नयाँ आफूहरू भएको बताएका छन्। नेकपा निर्वाचन परामर्श कार्यक्रमलाई सम्बोधन गर्दै उनले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाई लक्षित गर्दै नयाँ भन्नेहरूसँग विचार, सिद्धान्त नभएको बताएका हुन्।

उनले भने-'नयाँ र पुरानोको कुरा गरेका छन्, के हो नयाँ ? नयाँ र पुरानोको निधो विचार र एजेन्डाले गर्छ। गणतन्त्रभन्दा नयाँ विचार कसैले ल्याएको छ देशमा ? नयाँ भनेको गणतन्त्र हो। त्यसैले सबैभन्दा नयाँ नेपाली कम्युनिस्ट पार्टी हो।'

संयोजक प्रचण्डले नयाँ भन्नेहरूले ल्याएको नयाँ मुद्दा के हो भन्दै प्रश्न गरे। उनले रास्वपा उदार पुँजीवादी र दलाल पुँजीवादी भएको आरोप समेत लगाए। उनले भने-'नयाँ भन्नेहरूलाई म चुनौती दिन्छु, के हो तपाईंहरूले ल्याएको नयाँ मुद्दा ? नयाँ केही छ ? तपाईंहरू उदार पुँजीवाद र दलाल पुँजीवाद हो। नयाँको धाक लगाउने ? त्यसैले हामी भन्छौं नयाँ हामी हो, गणतन्त्र र सङ्घीयता भन्दा नयाँ अरू केही छ ?'

अहिलेसम्म २५ वटा घटकलाई एकताबद्ध गराइसकेको भन्दै संयोजक प्रचण्डले अधिकांश क्षेत्रमा नेकपाले चुनाव जित्ने दाबी गरे।

## दुर्गा प्रसाईं फेरि पक्राउ



बुटवल। मेडिकल व्यवसायी दुर्गा प्रसाईं पक्राउ परेका छन्। उनलाई प्रहरीले शुक्रबार दिउँसो काठमाडौंको चाल्नाखेलबाट पक्राउ गरेको हो।

प्रसाईंले शुक्रबार बिहान आफ्नो सामाजिक सञ्जाल फेसबुकमा एउटा भिडियो सार्वजनिक गरेका थिए। उक्त भिडियोमा उनले नेपाललाई विदेशी सेनाको अखडा बनाउन लागिएको दाबी गरेका थिए।

स्थानीय प्रशासनले अनुमति नदिए पनि वीरगञ्जमा कार्यक्रम गर्न जान लागेका उनलाई प्रहरीले पक्राउ गरेको हो।

निर्वाचन आयोगको पत्रका आधारमा उनलाई पक्राउ गरिएको साइबर ब्यूरोका प्रवक्ता एसपी दीपकराज अवस्थीले जानकारी दिए। उनले भने-'निर्वाचन आयोगबाट आचारसंहिता कार्यान्वयन सम्बन्धमा पत्राचार भएको थियो, त्यही विषयमा बुझ्न ल्याएका छौं, के कस्तो कारबाहीको प्रावधान छ हेर्दैछौं।'

राष्ट्र, राष्ट्रियता, धर्म संस्कृति, नागरिक बचाऊ महाअभियानका संयोजक समेत रहेका प्रसाईं यसअघि यही माघ ५ गते पोखराबाट पक्राउ परेका थिए।

पछि जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले प्रसाईंलाई हाजिरी जमानीमा राखेर अनुसन्धान गर्न प्रहरीलाई निर्देशन दिएपछि उनी हिरासत मुक्त भएका थिए।

## प्रलोपाका उम्मेदवार पार्टीबाट निश्कासित

बुटवल। प्रगतिशिल लोकतान्त्रिक पार्टी (प्रलोपा) बाट रूपन्देही-३ मा प्रतिनिधिसभा सदस्य उम्मेदवार गोविन्द काराखेती पार्टीबाट निष्कासित भएका छन्। पार्टी हितविपरीतका व्यक्तिवादी गतिविधिमा संलग्न भएको भन्दै उनलाई पार्टीले कारबाही गरेको हो। प्रलोपा रूपन्देही इञ्चार्ज पंकज राईले शुक्रबार विज्ञप्ति निकालेर काराखेतीले पार्टीको नीति, सिद्धान्त र विधानको गम्भीर उल्लंघन गरेको पुष्टि भएपछि पार्टीबाट निष्कासन गरिएको उल्लेख गरेका छन्।

उम्मेदवार बनेपछि काराखेतीले पार्टीका नेताहरूसँग अनुचित तरिकाले रकम माग गरेको र आफ्नै श्रीमती जयन्ता काराखेतीलाई श्रम संस्कृति पार्टीबाट समानुपातिक उम्मेदवार बनाएको पाइएकाले निश्कासन गरिएको विज्ञप्तिमा उल्लेख छ।

काराखेतीलाई निष्कासन गरेपछि रूपन्देही-३ मा पार्टीको उम्मेदवार नहुने भएकाले अब कसलाई समर्थन गर्ने वा के गर्ने भन्ने विषयमा पार्टीको वैठकले छिट्टै निर्णय गर्ने जिल्ला इञ्चार्ज राईले बताए।

'यस्ता क्रियाकलापले पार्टीको छविमा क्षति पुगेको निष्कर्ष निकाल्दै केन्द्रीय, प्रदेश र जिल्ला समितिको संयुक्त निर्णयका आधारमा उनलाई हटाइएको हो।'- जिल्ला इञ्चार्ज पंकज राईद्वारा हस्ताक्षरित विज्ञप्तिमा उल्लेख छ। प्रलोपा रूपन्देही-३ की इञ्चार्ज रविना भण्डारीले काराखेतीले पार्टीका कसैलाई जानकारी नदिई व्यक्तिगत स्वार्थमा अर्को दलको उम्मेदवारलाई समर्थन गर्ने निर्णय जानकारी पाएपछि पार्टीले उनलाई कारबाही गरेको बताइन्।

भण्डारीले काराखेतीको पक्षमा पार्टीका कोही पनि नभएकाले उनको व्यक्तिगत निर्णयले पार्टीलाई कुनै फरक नपर्ने दाबी गरिन्। काराखेतीले भने आफू राष्ट्रिय स्वतन्त्र पार्टीमा प्रवेश गर्ने निर्णयमा पुगेको बताएका छन्।

पार्टीले रकम मागेको आरोप गलत भएको उनले बताए पनि पार्टी जिल्ला इञ्चार्ज राईले काराखेतीले आफ्नो ह्वाट्सप नम्बरबाट क्यूआर पठाएर बारम्बार फोन गर्दै रकम मागेको विषय सामाजिक सञ्जालमै पोष्ट गरेका छन्।

## झुटा सूचनाले समाजमा गम्भीर समस्या : उपाध्यक्ष पौडेल



बुटवल। नेकपा (एमाले) का उपाध्यक्ष विष्णुप्रसाद पौडेलले झुटा सूचनाको फैलावटले समाजमा गम्भीर समस्या सिर्जना गरिरहेको बताएका छन्।

प्रेस चौतारी नेपाल रूपन्देहीले आयोजना गरेको कृत्रिम बुद्धिमत्ता (एआई) सम्बन्धी तालिमको उद्घाटन गर्दै उपाध्यक्ष पौडेलले सामाजिक सञ्जालमार्फत् फैलिँदै गएको भ्रमपूर्ण सूचनालाई रोक्न पत्रकारहरू जिम्मेवार र सचेत हुनुपर्नेमा उनले जोड दिए।

"समाजमा झुटो सूचनाको बिगबिगी छ। सामाजिक सञ्जाल झुटो सूचना फैलाउने माध्यमका रूपमा विकास भइरहेका छन्, यसलाई रोक्न सकिएन भने समाजमा गम्भीर समस्या पैदा हुन्छ", उपाध्यक्ष पौडेलले भने-"झुटो भ्रमपूर्ण सूचनालाई रोक्न पत्रकारहरू जिम्मेवार र सचेत हुनुपर्छ। प्रेस चौतारीलाई यसको अगुवाइ गर्न आग्रह गर्दछु।"

विज्ञान र प्रविधिले मानवीय जीवनमा ठूलो परिवर्तन ल्याइरहेको भन्दै पौडेलले विज्ञान तथा प्रविधिको विकाससँगै विश्व साँघुरो बन्दै गएकाले यसको प्रयोग मानवहितका लागि हुनुपर्ने बताए।

उनले विज्ञान र प्रविधिले जति नै ठूलो परिवर्तन गरे पनि मानिस नै अन्तिम सत्य हुने स्पष्ट पारे। "प्रविधिले मान्छेको ज्ञान र विवेकलाई विस्थापित गर्न सक्दैन", उनले भने-"मानिसले विज्ञानको सहायताले आफ्नो दैनिकी सहज बनाइरहेको छ, तर आफ्नै अस्तित्व समाप्त हुने गरी प्रविधिको प्रयोग हुनु हुँदैन।"

उपाध्यक्ष पौडेलले सामाजिक सञ्जालमा फैलिने झुटा सूचनाले समाजलाई समस्यातर्फ धकेल्ने चेतावनी दिँदै यस्ता सूचनाको पहिचान र नियन्त्रणमा पत्रकारको भूमिका निर्णायक हुने बताए। उनले प्रविधिको प्रयोग गर्दा सत्य, तथ्य र जिम्मेवारीलाई केन्द्रमा राख्न आग्रह गरे।

प्रेस चौतारी नेपालको २८औं स्थापना दिवसको अवसरमा आयोजिक तालिममा रूपन्देहीमा क्रियाशील २ दर्जन बढी पत्रकारहरूको सहभागिता रहेको छ।

तालिमको प्रशिक्षकमा एआई विज्ञ अजय शर्मा र अमृत पन्थी रहेका छन्।


गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश

जथाभावी फोहर नफालौं

-सडक तथा सार्वजनिक स्थानमा फोहर नफालौं।
- घर तथा कार्यस्थलबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं।
- कहिने र नकुहिने फोहरलाई छुट्टाछुट्टै राखौं।
- कुहिने फोहरलाई घरमा नै मल बनाई प्रयोग गरौं।
- नकुहिने फोहरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं।
- खाद्य वा अन्य वस्तु प्रयोग वा उपभोग गरिसकेपछि प्लाष्टिक लगायतका बट्टा वा खोल जथाभावी नफालौं।

सरावल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवलपरासी (ब.सु.प.) लुम्बिनी प्रदेश, नेपाल

दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# पाहुर

२०८२ माघ २४ गते, शनिबार

तपाईंका लागि...

## बिट्विन द लाइन्स...

"जबसम्म ऊ भुईंमा थियो
कुर्सी नराम्रो थियो
कुर्सी पाउने बित्तिकै उसलाई
भुइँ नराम्रो लाग्न थाल्यो।"

– भारतीय कवि
गोरख पाण्डे

श्रद्धाञ्जली

# यसरी राष्ट्र बैंकले महिला अधिकारी काठमाडौं बाहिर पठायो

**मीना आचार्य**



*(अर्थशास्त्री मीना आचार्यको ८८ वर्षको उमेरमा बिहीबार निधन भयो । सन् १९३८ मा काठमाडौंमा जन्मिनुभएकी मीना आचार्य अर्थशास्त्री हुनुहुन्थ्यो । आचार्यले भारतको युनिभर्सिटी अफ दिल्लीबाट बीए(सन् १९६०), सोभियत संघको मस्को स्टेट युनिभर्सिटीबाट अर्थशास्त्रमा एमएस (सन् १९६६ ) र संयुक्त राज्यअमेरिकाको युनिभर्सिटी अफ विस्कन्सिन मेडिसनबाट विकास अध्ययनमा विद्यावारिधि (सन् १९८७) गर्नुभएको थियो । उहाँको विद्यावारिधि नेपालको ग्रामीण श्रम बजारमा केन्द्रित थियो । आचार्यको 'स्टाटस अफ वुमन इज नेपाल' नेपाली महिला अध्ययनको प्रारम्भिक अनुसन्धानात्मक कृतिमध्ये एक मानिन्छ । आचार्यको 'स्वतन्त्रतार समानताको निरन्तर यात्रा' आत्मसंस्मरणात्मक कृति पनि प्रकाशित छ । आचार्यको सम्मानमा श्रद्धाञ्जली स्वरुप सन् २०११ मार्च ६ मा मार्टिन चौतारीमा उहाँले प्रस्तुत गर्नुभएको अनुभवको अंशको नेपाली अनुवाद प्रकाशत गरिएको छ ।)*

अनुसन्धान के हो ? राम्रो अनुसन्धानको गुणहरू के के हुन् ? अनुसन्धान ज्ञानको खोजी हो । अनुसन्धानको उद्देश्य विशुद्ध ज्ञान निर्माण, नीति निर्माणको उद्देश्यले गरिने खोज, सामाजिक परिवर्तनको लागि गरिने वकालत वा कार्य आदि हुन् । अनुसन्धानको क्षेत्र निकै फराकिलो छ । अनुसन्धान भौतिक वा सामाजिक प्रक्रियाको खोजी हुनसक्छ । समाज विज्ञान आफैँमा विराट विषय हो । मेरो अनुभव समाज विज्ञानमा हो विशेष गरेर सामाजिक आर्थिक क्षेत्रमा । पेशाले म अर्थशास्त्री हुँ तर मैले अरु सामाजिक विधाहरूसँग सम्झौता गर्न सिकिसकेकी छौं । मुख्यतः म स्वतन्त्रता, प्रजातन्त्र, मानव अधिकार र महिला अधिकारको पक्षमा सामाजिक गतिविधी गर्ने अभियन्ता हुँ । मेरो अनुसन्धान मेरो अभियन्ताको अनुभवले निर्देशित छ । मैले विषयहरूको वकालत गर्नु अगाडि तिनलाई राम्रोगरी बुझ्न चाहे । त्यसले गहन खोज र ज्ञान निर्माणको आवश्यकता महसुस गरायो । विषयको सैद्धान्तिक पक्ष बुझ्न र रीतिथितीसँग सम्झौता गर्ने वा त्याग्ने भन्ने सीप हासिल गर्न जोड दियो ।

अनुसन्धानको पहिलो कुरा हो विषयको छनौट । यो अनुसन्धानको निचोडसँग तपाईं के गर्न चाहनुहुन्छ भन्नेमा निर्भर हुन्छ । म अनुसन्धातासँगसँगै अभियन्ता पनि हुँ । मेरो अनुसन्धान मानव सेवासँग जोडिएको छ । शुरुमा म मानव सेवाको लागि विज्ञान पढ्न चाहन्थें । तर स्कुलमा म गणितमा एकदम कमजोर थिएँ । हाम्रो अतिरिक्त गणित पढाउने शिक्षकले घोकन्ते शिक्षामा यति जोड दिनुहुन्थ्यो कि उहाँले भन्ने गर्नुहुन्थ्यो कि हामीले ज्यामितिलाई हाम्रो दिमागमै राख्नुपर्दछ र कण्ठ पार्नुपर्दछ । त्यसपछि मैले अतिरिक्त गणित छोडे र दश कक्षाको अन्तिमतिर धेरै ढिलो गरेर संस्कृत पढ्न थाले । १७ वर्षको उमेरमा प्रविणता तह पढ्दा विषय छनौट गर्नुपऱ्यो । मैले मानव सेवाको लागि नै अर्थशास्त्र र नागरिक शास्त्र रोजें । मेरो जीवन र अनुसन्धान मेरो उद्देश्यले निर्देशित छ ।

सन् १९६६ मा मैले इकोनोमिक साइबरनेटिक (आर्थिक सञ्जाल)विषयमा मस्को विश्वविद्यालयबाट स्नात्तकोत्तर उत्तीर्ण गरे । त्यतिबेला मलाई त्यहीं बस्न र विद्यावारिधी गर्नको लागि छात्रवृत्ति उपलब्ध भएको थियो । तर मैले अस्वीकार गरे र नेपाल फर्किए जबकि मैले एकजना रुसीसँग बिहे गरेको थिएँ, उनीबाट जन्मेको एउटा छोरी पनि थिइन् । उनीहरू मसँगै नेपाल आए । मेरो भनाइ थियो कि, म मेरो देशलाई राम्ररी बुझ्न चाहन्छु अनि बल्ल थप अध्ययन गर्न चाहन्छु । नेपालमा मलाई राष्ट्रिय योजना आयोगमा जागिरको लागि प्रस्ताव आयो, तर म देशको अथतन्त्र जान्न चाहने भोकको कारण नेपाल राष्ट्र बैंकको अनुसन्धान विभागमा आबद्ध भए । यो निरन्तर चाहनाले नै मलाई छनौट र गतिविधिको लागि जोड दियो । यसले नै मलाई मेरा हरेक कार्यमा नयाँ खोज गर्नको लागि कडा मिहिनेत गर्न असीमित उर्जा र कामप्रतिको अथक लगाव दियो ।

नेपालमा एकजना महिलालाई आर्थिक अनुसन्धान गर्न त्यति सजिलो थिएन । मैले सुरुमै यात्राको असुविधा भोग्नुपऱ्यो । म नेपाल राष्ट्र बैंकको पहिलो महिला अधिकारी थिएँ । अनि अर्कोतर्फ म सिधैं द्वितीय श्रेणीको अधिकृत थिएँ । म सोभियत रुसमा अध्ययन गरेको हुनाले नेपाली अर्थतन्त्रबारे निकै कम जानकार थिएँ । अर्कोतर्फ म सोभियत रुसमा हुँदा छ वर्षसम्म अंग्रेजी भाषासँग पूर्णतया सम्पर्क विच्छेदमा थिएँ । मैले यिनी रिक्तताहरू पुरा गर्न कडा मिहिनेत गर्नुपऱ्यो । म सोच्ने गर्थे कि म सक्षम भएकैले नेपाल राष्ट्र बैंकको परीक्षाहरू उत्तीर्ण गरेकी हुँ । तर, शुरुमा मेरा साथीहरूले सोच्ने गर्थे कि मेरो बुवाको कारणले नै म द्वितीय श्रेणी अधिकारी भएकी हुँ, जबकि म पूर्ण योग्य थिएँ । उनीहरूको सोचाईंलाई गलत सावित गर्नु मेरो अर्को चुनौती थियो । मैले छिट्टै नै चुनौतीलाई सावित गर्नु थियो ।

मेरो पहिलो परीक्षा छिट्टै आयो । सुरुमा मैले अनुसन्धान विभागको सार्वजनिक वित्त (पब्लिक फाइनान्स) विभागको नेतृत्व गर्थे । यो विभागले आर्थिक सर्वेक्षण तयार पारी अर्थमन्त्रालयको पूर्व बजेट सुझाव रिपोर्ट र राष्ट्र बैंकको मौद्रिक नीतिको लागि लेख्नुपर्थ्यो । त्यतिबेला अर्थमन्त्रालयसँग कुनै अनुसन्धान क्षमता थिएन र आर्थिक सर्वेक्षणको काम सबै नेराबैंक कै थियो । केन्द्रीय तथ्यांक विभागले कुल ग्राहस्थ उत्पादनको कुनै अध्ययन गर्दैनथ्यो । त्यसैले मैले तराईंका केही जिल्लामा आर्थिक सर्वेक्षणमा जाने निधो गरें । त्यतिबेला पूर्व पश्चिम राजमार्ग थिएन । दुईटा मात्र उपाय मात्र थियो कि त कच्ची बाटो पुरानो जीपमा उफारिंदै र थचारिंदै यात्रा गर्नुपर्थ्यो वा भारतीय रेलसेवाको उपयोग गर्नुपर्थ्यो । त्यसबेलासम्म, नेराबैंकले कहिल्यै महिला कर्मचारीलाई काठमाडौं बाहिर पठाएकै थिएन । त्यसैले त्यो समाचारको विषय बन्यो । अधिकारीहरू मलाई पठाउन इच्छुक थिएनन् । मैले उनीहरूसँग बहस गर्नुपऱ्यो । मैले भनेंकि यदि तपाईंहरू मलाई देशको अर्थतन्त्र अध्ययन गर्न मौका दिनुहुन्न भने मैले कसरी राम्रो प्रतिवेदन लेख्न सक्छ ? र म कसरी पुरुष साथीहरूसँग प्रतिस्पर्धा गर्न सक्छु ? मैले कसरी मेरो क्षमता वृद्धि गर्न सक्छु र करियर बनाउन सक्छु । अधिकारीहरूले केही रहम गरे । तर समस्या अर्को थपियो मसँग कोही पनि मेरा पुरुष साथीहरू यात्रा गर्न तयार भएनन् । धेरै जिद्दी गरेपछि एकजना पुराना तल्लो कर्मचारी यात्राको लागि तयार भए ।

तर त्यो लडाईंको आधा पाटो मात्र थियो । घरमा बुवाले प्रश्न तेर्साउनुभयो कि म कसरी एक्लै एउटा पुरुषसँग त्यत्रो लामो यात्रा गर्न सक्छु ? मान्छेहरूले के भन्लान् ? अनि मैले वीरगञ्जबाट अर्को महिला स्टाफले साथ दिन्छिन् भनेर ढाँटे । त्यसपछि हाम्रो यात्रा शुरु भयो । बाटोमा हामीले जस्तो ठाउँमा पनि सुत्न बाँध्य भयौ, अफिसको टेबलमा, गुलरिया पारी भारतको कर्नाटा घाटमा उडुसले भरिएको चारपाईमा । यसरी मैले २० दिनमा काठमाडौंदेखि महेन्द्रनगरसम्म यात्रा गरें र बाँचे । नेपालगञ्जमा म एक्लै पुरुष साथीसँग हिंडेको बेलामा मामाको छोरा (भाईसँग) भेट भयो । उनले बुवालाई बताइदिएछन् र घर फर्केपछि बुवाले ढाँटेकोबारे प्रश्न गर्नुभयो । मैले स्वीकारे तर मलाई मेरो ज्ञान वृद्धि र करियरको लागि पनि यो यात्रा गर्नेपर्थ्यो । उहाँले केही भन्नुभएन । त्यसपछि कहिल्यै मेरो यात्राबारे केही टिप्पणी भएन ।

हामीले अनुमानित कृषि र औद्योगिक उत्पादन र व्यापारको पद्धतिबारे कृषि कार्यालय, जानकार व्यक्ति र उद्योगहरूबाट जानकारी हासिल गऱ्यौं । अर्को टीम पूर्व गएको थियो । हामीले कुल ग्राहस्थ उत्पादन, बजार र व्यापारको अवस्थाको अनुमान गर्न प्रशस्त जानकारी जम्मा गऱ्यौं । अर्कोवर्ष म पूर्व गएँ । यसरी महिलालाई मिसनमा नपठाउने निषेध नेराबैंकबाट हट्यो ।

अनुसन्धान गाह्रो काम हो । शुरुमा तपाईंले सिद्धान्तमाथि पकड राख्नुपर्दछ र त्यसलाई पचाउनुपर्दछ । दोस्रो, अनुसन्धान गर्न खोजेकोबारे अरुहरूले योबारे के लेखेका छन् । तेस्रो, त्यसलाई तपाईले आफ्नो सन्दर्भ र अनुभवसँग तुलना गर्नुपर्दछ । यसको लागि समय, मिहिनेत, लगाव र उत्साहको आवश्यकता पर्दछ ।

मैले लामो अनुसन्धान जीवनबाट अनुसन्धान विधिबारे निम्न शिक्षा हासिल गरें–पहिलो, समाज विज्ञानका सिद्धान्त व्यावहारिक सान्दर्भिकताबिना अर्थहिन हुन्छन् । अभ्यासहरूले मात्र तिनले अर्थ पाउँछन् । सबै समाज विज्ञानका अनुसन्धानले सामाजिक प्रक्रिया र मानवीय व्यवहारलाई व्याख्या गर्न कोशिस गर्नुपर्दछ । ती अभ्याससँग जोडिएको हुनुपर्दछ । मेरो अनुसन्धानको नतिजाले मेरो अभियानलाई निर्देशित गऱ्यो । मैले डोनरहरूका कैयौं कन्सल्ट्यान्सीहरूसँग विवाद गर्नुपऱ्यो तर हरेक कन्सल्ट्यान्सीले मलाई विषयको गहिराईमा जान मद्दत गरे । त्यो ज्ञानको मद्दतले लेखेर, पढाएर र अनेक आन्दोलनमा सामेल भएर मैले राष्ट्रिय विकासको कैयौं मुद्दामा योगदान गर्न सके । अर्कोतर्फ मेरो अभियानले मेरो अनुसन्धानको सान्दर्भिकता पुष्टि गऱ्यो । यसरी सिद्धान्त र व्यवहारको सम्बन्ध नजिकियो ।

दोस्रो, सामाजिक अनुसन्धानको लागि एउटै विधामा सीमित हुनुभनेको अनुसन्धानमा गतिरोध हो । मान्छेको व्यक्तित्व बहुआयामिक छ । एउटा अर्कोसँग अन्तरक्रिया गरिरहेको हुन्छ र यस्ता सम्बन्धहरूको एउटामात्र पाटो ल्याउँदा अनुसन्धानको निचोड अपूर्ण हुन्छ र कहिलेकाँही अव्यावहारिक । यो आर्थिक अनुसन्धानको लागि झनै सान्दर्भिक हुन्छ । हामीले एउटा अनुमानबाट सुरु गर्छौं, 'अरु पक्षहरू उस्तै रहेको परिस्थितिमा' । जस्तो कि, सबैसँग बराबर सम्पत्ति छ र सूचनामाथि समान पहुँच छ भन्ने आधारमा बजारले सामाजिक कल्याण हासिल गर्दछ कि गर्दैन भन्ने जाँचिन्छ । मलाई लाग्छ, सामाजिक अनुसन्धानको लागि मार्क्सवादी सिद्धान्तको लागि द्वन्द्वात्मक भौतिकवाद जान्न जरुरी छ । विशेषगरी द्वन्द्वात्मक भौतिकवादले निम्न कुरा खोल्दछ, १) सबैथोक परिवर्तनशील छ, २) समाज वस्तु र विचारको अन्तरक्रियामा बनेको हुन्छ, ३) हरेक सामाजिक प्रक्रियाको रूप र सारमा भिन्नता हुन्छ र ४) हरेक सामाजिक घटनाहरू एकआपससँग एकदमै जोडिएको हुन्छन् ।

तेस्रो, अनुसन्धाताले बिना कुनै पूर्वनिर्धारित निष्कर्ष खुला दिमागले काम गर्नुपर्दछ । मेरो लागि, खुला दिमाग भन्नुको अर्थ कुनै पूर्वकल्पना (हाइपोथेसिस) पनि नहुनु हो । हामीले बृहत् सोचनको आधारमा सुरु गर्न सक्छौं, तर ठोस अनुसन्धानबिना पूर्वकल्पना निर्धारण गर्नु भनेको हामीले जम्मा गर्न थालेको सूचनाको क्षेत्र र सोंचलाई सीमित पार्दछ ।

(अनुवादः कात्यायन)

# पर्यटन प्रवर्द्धनका सपना



**राजेश महोत्रा**

करिब डेढ महिनाको पर्खाइपश्चात् माघ १६ गते मात्रै होटल तथा रेष्टुरेण्ट व्यवसायी संगठन रूपन्देहीको सिंगो टिमको अध्यक्षता गर्दै कार्यशाला गोष्ठी गर्ने दिन जुऱ्यो । दिउँसो करिब १२:३० बजे संगठनको नयाँ अफिस मखनभोगको तेस्रो तल्लामा जम्मा भई पूर्व अध्यक्ष ज्यूहरू, सल्लाहकार ज्यूहरूसहित सम्पूर्ण टिम ६ वटा निजी कारबाट नवलपरासी त्रिवेणीको होटल ग्रान्डतर्फ आ-आफ्नै गीत संगितमा रमाउँदै लाग्यौं । त्रिवेणी धाम लुम्बिनी-त्रिवेणी-देवघाट-मुक्तिनाथको धार्मिक पर्यटकीय सर्किट समेत भएकोले हाम्रो कार्यशाला गोष्ठी त्यही गर्ने योजना बनेको थियो । तारे होटल बराबरको सुविधा सम्पन्न होटलमा पुगेर नास्ता खायौं र करिव ३:३० बजे वार्षिक कार्ययोजनासहितको गोष्ठीमा सहभागी हुन हल तिर प्रवेश गऱ्यौं ।

कार्यशालामा विभिन्न उप-समितिहरू गठन गर्ने र केही बुँदा माथि छलफल गरी संयोजक तोक्नुपर्ने गहन कार्य आफैँमा निकै उत्साह प्रदक थियौ नै । ति मध्ये केही होटलहरूको वर्गीकरण गरेर तारे होटल, बजेट होटल र लजहरूले आ-आफ्नै होटलको स्तरअनुसार विभिन्न पर्यटकीय गन्तव्यहरू र बुद्धसर्किट आदिको भ्रमण गराउने कम्तिमा १ दिन वा सोभन्दा बढी Tour package बनाएर प्रचारप्रसार गर्ने योजनाको शीर्षकले निकै बेर माहोल तात्यो । देख्दा सामान्य लाग्ने, तर यो भैरहवामा १ दिन भए पनि पर्यटकीय बसाइ लम्बाउन होटलहरूलाई एकताबद्ध गर्ने योजना पक्कै पनि महत्वपूर्ण छ भन्ने लाग्यो ।

हलबाट गडगडाहट ताली बजाएर यो योजना पास गऱ्यौं । आशा गरौं अब तारे होटल र अन्य पर्यटकीय बजेट होटलहरू समेत हाम्रो यस संगठनमा सबै आबद्ध हुनेछन् । भैरहवामा महाअधिवेशन तथा सभा सम्मेलन गर्न आउने संघसंस्थाहरूलाई सहुलियत दरमा प्रबन्ध मिलाइदिने, पर्यटकीय गन्तन्यहरूको photo frame बनाएर होटल तथा प्रष्ठिानहरूलाई सहुलियत दरमा उपलब्ध गराइदिने, पर्यटकहरूले भनेअनुसारको सेवा सुविधा पाए नपाएको र ठगिएको नठगिएको गुनासो सुन्ने, ठगिएको खण्डमा सहजीकरण गरिदिने, स्थानीय खानाको परिकार बनाएर भैरहवालाई चिनाउने र उत्कृष्ट सफल रेष्टुरेण्ट व्यवसायीहरूलाई संगठनले पुरस्कृत गर्ने, होटलमा बस्ने र उधारो खाने ग्राहकको guest tracking software बनाउने, wel come to Bhairahawa tourist guide map जस्ता होर्डिङ बोर्ड राख्ने, सोसल मिडिया, हयान्डलिङ, हस्पिलाटी मेनेजमेन्ट आदि तालिम आयोजना गर्ने र विगत ६ वर्षदेखि गर्दै आएको सिद्धार्थ सडक खाना महोत्सवलाई २ दिन गर्ने जस्ता योजनाहरू बनाएर पर्यटनको प्रवर्धन गर्ने विषयहरू समेटेका थियौं ।

संगठनका पूर्व अध्यक्ष ज्यूहरू र सल्लाहकार ज्यूहरूको भनाइ र मार्ग निर्देशनले थप हौसिए । "समय होइन समाधान तिर लागौं" भन्ने उहाँहरूको आशयले मलाई मनमनै कन्फिडेन्स दिलाइरहेको थियो । खाना नास्ता र बारका महँगा र स्वादिलो परिकारहरू लिएर होटलका कर्मचारीहरूले हामीलाई पर्खिरहेका थिए । खुला आकाश मुनि "स्याउली बजारमा- तानातान भो हानाहान भो" गीत संगितमा महासचिव ज्यूले तताएको सांस्कृतिक साँझ नाच्नका लागि तछाड मछाड त थियो नै, न त क-कसले पिएन भन्ने हेक्का भयो नत को नाचेन भन्ने ख्याल भयो, भरपुर रमाइलो गऱ्यौं । यति रमाइलो गऱ्यौं कि बिहान ४:०० बजे नरेन्द्र जी र म बल्ल विस्तारामा पुग्यौं ।

बिहान ६ बजे आफ्नै गाडीमा भारतको बाटो हुँदै नेपालको वाल्मिकी आश्रमको दर्शन गर्ने शौभाग्य पनि धेरैलाई पहिलो पटक नै थियो । हाम्रो संगठनको पूर्व अध्यक्ष पिताम्बर न्यौपाने ज्यूको घर पनि त्रिवेणी नै भएको हुनाले गाइड गरिरहनु भएकै थियो । बाटो सफा गरेर चिल्लो पारिरहेका भारतीय सैनिकहरूको पनि केहीबेर कुरा चल्यो । खोलामा बोकेर ६२ केजीका दलबहादुर थापा जीले ९२ केजीसम्मको रामप्रसाद पोखरेल जीलाई तारेको देख्दा लाग्यो बल त तिघ्रामा पो हुनुपर्ने रहेछ ।

वाल्मिकि आश्रमबाट १२ बजेतिर त्रिवेणी फर्कियौं । फेरि त्रिवेणी नदिको किरानामा बसि विगत तिर बरालिंदै साथीहरू गफ छाट्न थाले र लोकल माछाको परिकारसित भात खाएर भैरहवा तिर प्रस्थान गऱ्यौं । लेख्ने बानी हटिसकेछ, तर पनि मनले मानेन सम्झनाको लागि पनि लेख्नै पर्दछ भन्ने लाग्यो र लेख्न बसे । साँच्चै यि योजना कागजमै सीमित रहन नदिनु हाम्रो सिंगो टिमको दायित्व हो भन्ने मैले अनुभूति गरे । यति मात्रै गर्न सक्यौ भने मैले भैरहवाको भविष्य सुन्दर हुनेछ भन्ने मात्रै लागेन यहाँ आउने पर्यटकहरू केवल पर्यटक मात्र होइन, उनीहरू हाम्रो कथा बोकेर फर्किने मित्र हुनेछन् ।

नेतृत्व भनेको मेरो लागि कुर्सी होइन उत्तरदायित्व हो । जब म अध्यक्षको रूपमा बोल्छु, त्यो केवल मेरो आवाज होइन हजारौं व्यवसायी, यस पर्यटन क्षेत्रमा काम गर्ने कर्मचारी र स्थानीयको सपना बोलिरहेको हुनेछ भन्ने लाग्यो । मलाई पनि कहिलेकाही थकान त आउँछ, तर पर्यटन प्रतिको प्रेमले फेरि उठन प्रेरित गर्ने गर्दछ । घरमा फर्किएर सोंचे यदि मलाई पिन हामीसबै मिलेर यसरी नै काम गऱ्यौं भने भैरहवा, लुम्बिनी प्रदेश मात्र होइन सम्पूर्ण नेपाल विश्वका पर्यटकको हृदयमा बस्ने गन्तव्य अवश्य बन्न सक्छ । पर्यटन मेरो पेशा मात्रै होइन जीवन यात्रा पनि हो । र यो यात्रामा सेवा, सहकार्य र समृद्धिको उज्यालो सपना सधैं मेरो मार्गदर्शन हुनेछ ।

मेरो जीवनको यात्रामा पर्यटन र होटल व्यवसाय केवल रोजगारीको साधन रहेन, यो त मेरो आत्मा र सोंचसँग जोडिएको एउटा जीवन र दर्शन बन्यो । आजको कार्यशालाले मेरो मनलाई फेरि एकपटक छोयो । सम्पूर्ण सहभागिताहरूको आवाज र भविश्यका रूपमा सुन्दा मैले आफ्नै यात्रा सम्झिए । ११ वर्ष पहिला होटल सन स्टार सुरु गर्दै गर्दा म एउटा व्यवसायी थिए, तर समयसँगै मैले बुझ्दै गए, पर्यटन भनेको पैसा कमाउने उद्योग मात्र होइन, यो त राष्ट्रको पहिचान, संस्कृतिको सुगन्ध र अतिथिप्रतिको आत्मियता को प्रतिविम्ब हो र । पर्यटन विकास लुम्बिनी प्रदेशको बोर्ड सदस्य र होटल व्यवसायी महासंघ नेपालको केन्द्रीय उप-महासचिव र यस होटल तथा रेष्टुरण्ट व्यवसायी संगठन रूपन्देहीको अध्यक्ष हुँदै गर्दा मैले पर्यटन क्षेत्रको उज्यालो सपना र गहिरो चुनौती दुवै देखेको छु ।

बैठक कक्षामा, कार्यशाला गोष्ठी र भ्रमणका रूपमा मैले एउटा कुरा महशुस गरे यदि हामीले पर्यटनलाई दिगो सोंच र मानवता जोडेर अगाडि बढाएनौ भने साँच्चिकै यो उद्योग आत्माविहीन व्यापारमा मात्रै सीमित हुनेछ ।

(लेखक होटल तथा रेष्टुरेण्ट व्यवसायी संगठन रूपन्देहीका अध्यक्ष हुन्)

## कविता

### म एउटा अभीशप्त भोट

**डा . मुरारि पराजुली**

म एउटा निरीह भोट
बडो बिलखबन्दमा छु
कि तस्करी र भ्रष्टाचारका प्रतापले आर्जित
कुनै उम्मेदवारको
दुई चोक्टा मासु र रक्सीमा बेचिन सक्छु
वा श्रीमतीलाई पठाइएको
एउटा सारी
र एक पाथी चामलमा साटिन सक्छु
कसलाई के थाहा
भोलि हुने चुनावमा
आजै बिपत्ता मातेर
बिहानैदेखि थापिएको
मतपेटिकामा पुग्नै नसकेर
खस्नैबाट वञ्चित हुन सक्छु
जमिन्दारका हवेलीअगिको आँगनमा
तामेल गरिएको आदेश बमोजिम
उसैले भनेको चुनाव चिह्नमा
चुपचाप चुपचाप खसिन सक्छु
वा मालिकसापको सुपुत्र
जतिसुकै तस्कर र व्यभिचारी भए पनि
जतिसुकै अभिमानी र पातकी भए पनि
उसका बर्खिलापमा भोट हाल्नेले
सखारै गाउँ छाडेर
मुग्लानिनु पर्छ भन्ने त्रासका मारे
उसैका चुनावचिह्नमा घोप्टिन सक्छु
म एउटा निःसहाय भोट न हुँ
मतदानस्थलमा पुग्दा
अरु कसैले
मेरा नामको भाट खसालिसकेकाले
कुनै विरोध र हङ्गामा नगरी
बडो शालीनतापूर्वक घर फर्काइन सक्छु
वा मतदानस्थलमा छिर्नै नपाइने
कृत्रिम भिडलाई छिचोल्ने ह्याउ नभएर
वा लडाइँ हुनसक्छ
या गोली चल्न सक्छ भन्ने
मुस्तन्डहरूका हल्ला सुनेर
शान्तिपूर्वक बिच बाटैबाट
निरूपाय लखेटिन सक्छु
जीवनभर
एउटा आस्थाको टुकी निभ्न नदिएर
अन्तर्हृदयले प्रेम गरिराखेको
अमूक कुनै चुनाव चिह्न पल्तिर
हठात् गठबन्धनको केन्द्रीय आज्ञाप्तिले
जीवनभर
मलाई दुस्मन ठानेको पार्टीका नाउँमा
बलजफ्ती खसाइन सक्छु
म यौटा निमुखा भोट
कसले भन्न सक्छ
आजै रौतहटको कुनै गाउँभित्र
बम विस्फोटनमा परी
अर्धजीवित देह
भोलीको सूर्योदय नहेर्दै
भोट खसाउने अभीप्सा सकिएर
इटाभट्टीको अग्निमा डढाइन सक्छु
वा भरतपुरको कुनै मतगणनास्थलमा
भोटका रूपमा खसेर पनि
गन्ती हुँदाहुँदै चपाइएर
गन्तीमै नआउने
अभीशप्त भोट हुन सक्छु
किनभने संसदवादको सौन्दर्य नै यही हो
वीरभोग्या बसुन्धरा
निर्मूल्य मेरो भोटको कुन तुजुक छ र
जुनसुकै हत्कण्डाले पनि
फगत चुनाव जित्ने न हो ।

# उन्नति सहकार्य लघुवित्त वित्तीय लि.

# Unnati Sanakarya Lagubitta Bittiya Sanstha Limited

## नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था

दर्ता नं. ११८१५९/२०७०/०७१

Central Office : Si.Na.Pa.-12, Rupandehi, Nepal Phone No: 071-571126, 571127

### Unaudited Condensed Statement of Financial Position (As per NFRS)

As on Quarter Ended 30th Poush 2082

Nrs.

| Particulars | The Quarter Ending | Immediate Previous Year Ending |
|---|---|---|
| Assets | - | - |
| Cash & cash equivalents | 133,962,170.06 | 101,255,240.29 |
| Statutory balances and due from Nepal Rastra Bank | 21,090,000.00 | 36,090,000.00 |
| Placement with Bank & Financial Institutions | 40,000,000.00 | 40,000,000.00 |
| Derivative Financial Institutions | - | - |
| Other Trading Assets | - | - |
| Loans and Advances to MFIs & Cooperatives | - | - |
| Loan & Advances to Customers | 3,781,957,304.46 | 3,771,278,160.40 |
| Investment Securities | 597,845.66 | 597,845.66 |
| Current Tax Assets | - | 2,043,542.66 |
| Investment Property | - | - |
| Property and Equipment | 32,363,203.03 | 39,096,891.27 |
| Goodwill and Intangible Assets | - | - |
| Deferred Tax Assets | 21,131,764.81 | 21,131,764.81 |
| Other Assets | 181,195,066.71 | 33,292,100.75 |
| Total Assets | 4,212,297,354.72 | 4,044,785,545.57 |
| Liabilities | - | - |
| Due to Bank and Financial Institutions | - | - |
| Due to Nepal Rastra Bank | - | - |
| Derivative Financial Instruments | - | - |
| Deposits from Customers | 1,261,346,746.88 | 1,209,592,604.62 |
| Borrowings | 2,310,585,415.09 | 2,352,001,179.89 |
| Current Tax Liabilities | 4,134,020.73 | - |
| Provisions | - | - |
| Deferred Tax Liabilities | - | - |
| Other Liabilities | 242,795,824.03 | 110,794,983.06 |
| Debt Securities Issued | - | - |
| Subordinated Liabilities | - | - |
| Total Liabilities | 3,818,862,006.74 | 3,672,388,767.57 |
| Equity | - | - |
| Share Capital | 246,865,736.29 | 246,865,736.29 |
| Share Premium | - | - |
| Retained Earnings | 16,879,472.25 | 574,580.51 |
| Reserves | 129,690,139.45 | 124,956,461.20 |
| Total Equity | 393,435,347.99 | 372,396,778.00 |
| **Total Liabilities and Equity** | **4,212,297,354.72** | **4,044,785,545.57** |

### Condensed Statement of Profit and Loss

For the Quarter Ended of 30th Poush 2082 Nrs.

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter | This Quarter | Upto This Quarter |
| Interest Income | 128,880,524.72 | 258,042,334.99 | 131,127,970.41 | 260,354,993.28 |
| Interest Expense | 56,427,710.11 | 119,234,590.76 | 67,309,749.90 | 143,091,408.47 |
| Net Interest Income | 72,452,814.61 | 138,807,744.23 | 63,818,220.51 | 117,263,584.81 |
| Fee and Commission Income | 733,949.90 | 1,074,872.29 | 9,444,590.66 | 17,006,357.07 |
| Fee and Commission Expense | - | - | - | - |
| Net Fee and Commission Income | 733,949.90 | 1,074,872.29 | 9,444,590.66 | 17,006,357.07 |
| Net Interest, Fee and Commisson Income | 73,186,764.51 | 139,882,616.52 | 73,262,811.17 | 134,269,941.88 |
| Net Trading Income | - | - | - | - |
| Other Operating Income | 7,138,430.40 | 13,733,402.45 | - | - |
| Total Operating Income | 80,325,194.91 | 153,616,018.97 | 73,262,811.17 | 134,269,941.88 |
| Impairment Charge/(Reversal) for Loans and Other Losses | 4,943,871.60 | 19,303,399.22 | 21,537,573.01 | 29,842,435.70 |
| Net Operating Income | 75,381,323.31 | 134,312,619.75 | 51,725,238.16 | 104,427,506.18 |
| Operating Expenses | 51,449,989.78 | 104,257,519.77 | 45,890,545.50 | 95,308,618.02 |
| Personnel Expenses | 38,060,849.50 | 77,162,244.91 | 29,409,111.50 | 68,051,808.70 |
| Other Operating Expenses | 13,389,140.28 | 27,095,274.86 | 16,481,434.00 | 27,256,809.32 |
| Depreciation & Amortisation | - | - | - | - |
| Operating Profit | 23,931,333.53 | 30,055,099.98 | 5,834,692.66 | 9,118,888.16 |
| Non Operating Income | - | - | - | - |
| Non Operating Expenses | - | - | - | - |
| Profit before Income Tax | 23,931,333.53 | 30,055,099.98 | 5,834,692.66 | 9,118,888.16 |
| Income Tax Expenses | - | - | - | - |
| Current Tax | 7,179,400.06 | 9,016,529.99 | 1,750,407.80 | 2,735,666.45 |
| Deferred Tax | - | - | - | - |
| Profit for the Period | 16,751,933.47 | 21,038,569.98 | 4,084,284.86 | 6,383,221.71 |
| Condensed Statement of Comprehensive Income | - | - | - | - |
| Profit for the Period | 16,751,933.47 | 21,038,569.98 | 4,084,284.86 | 6,383,221.71 |
| Other Comprehensive Income | - | - | - | - |
| Total Comprehensive Income | 16,751,933.47 | 21,038,569.98 | 4,084,284.86 | 6,383,221.71 |
| Basic Earning per share (Annualized) | 17.04 | 17.04 | 6.62 | 5.17 |
| Diluted Earning per share (Annualized) | 17.04 | 17.04 | 6.62 | 5.17 |
| Profit for the Period | 16,751,933.47 | 21,038,569.98 | 4,084,284.86 | 6,383,221.71 |
| Total | 16,751,933.47 | 21,038,569.98 | 4,084,284.86 | 6,383,221.71 |

### Ratios as Per NRB Directives

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter | This Quarter | Upto This Quarter |
| Capital Fund to RWA (CAR) | 8.65% | 8.65% | 8.08% | 8.08% |
| Non-Performing Loan (NPL) to Total Loan | 9.86% | 9.86% | 4.83% | 4.83% |
| Total Loan Loss Provision to Total NPL | 30.68% | 30.68% | 47.27% | 47.27% |
| Cost of Funds | 6.35% | 6.35% | 8.28% | 8.28% |
| Credit to Deposit and Borrowing Ratio | 243.97% | 243.97% | 105.92% | 105.92% |
| Base Rate | 12.26% | 12.26% | 13.84% | 13.84% |
| Interest Rate Spread | 7.18% | 7.18% | 5.89% | 5.89% |

Interest rate

| | |
|---|---|
| Deposit | 7.36%-8.5% |
| Loan & Advance | 8%-14.72% |

### Details about the Distributable Profit for the Quarter

| Particulars | Nrs. |
|---|---|
| Net Profit for the period end 1st Quarter | 21,038,569.98 |
| 1. Appropriations | |
| 1.1 Profit required to be appropriated to: | 4,733,678.25 |
| a. General Reserve | 4,207,714.00 |
| b. Capital Redemption Reserve | - |
| c. Foreign Exchange Fluctuation Fund | - |
| d. Corporate Social Responsibility | 210,385.70 |
| e. Employee Training Fund | - |
| f. Client Protection Fund | 315,578.55 |
| g. Staff Welfare Fund | - |
| h. Other | - |
| 1.2 Profit required to be transferred to Regulatory Reserve: | - |
| a. Transfer to Regulatory Reserve | - |
| b. Transfer from Regulatory Reserve | - |
| 2. Profit not eligible for distribution | |
| **Net Profit for the period end 1st Quarter available for distribution** | **16,304,891.74** |

**Notes**

1 The above Financial Statements have been prepared in accordance with Nepal Financial Reporting Standards (NFRS) and certain carve-outs issued by the Institute of Chartered Accountants of Nepal (ICAN).

2 The Loans and Advance includes interest receivable & Staff Loans and are presented net of impairment loss.

3 Adjustment of Employee Benefits shall be done after receiving Actuarial Valuation report.

4 Previous period figures are regrouped/rearranged/restated wherever necessary for consistent presentation and comparison

5 The above figures are subject to change as per the direction of Regulators and/or External Auditors.

6 Adjustment related to NFRS has been transferred to the Regulatory Reserve.

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली,**
**२०७३ को अनूसुची १४( नियम २६ को उपनियम(१) सँग सम्बन्धित )**
**आ.व. २०८२/८३ को दोस्रो त्रैमासिक प्रतिवेदन**

१.वित्तीय विवरण :

(क) वित्तीय संस्थाको आ.व.२०८२/८३ को दोस्रो त्रैमासिक अवधिको वासलात र नाफा-नोक्सान हिसाब सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ। यस वित्तीय संस्थाको वेभसाइट : www.unnatislbs.com.np मा पनि राखिएको छ।

(ख) प्रमुख वित्तीय अनुपातहरु :

| प्रतिशेयर आम्दानी | मूल्य आम्दानी अनुपात | प्रतिशेयर नेटवर्थ | प्रतिशेयर कुल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| १७।०४ | ८२।९६ | १५९।३७ | १७०६।३१ | ४।३४ |

२. व्यवस्थापकिय विश्लेषण :

(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण :समीक्षा अवधिमा वित्तीय संस्थाको कारोवारको वृद्धिसंगै सदस्य संख्या, लगानीमा रहिरहेको कर्जा बचत कारोवार, आम्दानी र तरलतामा परिवर्तन भएको छ। गत आ.व. को सोही अवधिको तुलनामा समीक्षा अवधिमा ब्याज आम्दानीमा वृद्धि र व्याज खर्चमा कम हुनगई सञ्चालन मुनाफामा वृद्धि भएको छ। समीक्षा अवधिको कर्जा बचत तथा मुनाफाको स्थिति सम्बन्धमा वित्तीय विवरणले प्रष्ट पारेको छ।

(ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणत्मक विवरण : राष्ट्रियस्तर कार्य क्षेत्र भएको यस वित्तीय संस्थाले हालसम्म २८ जिल्लामा ८२ वटा शाखाहरु मार्फत् आफ्नो कारोवार संचालन गरिरहेको छ। संस्थाले कृषि, पशुपालन तथा लघुउद्यम, साना ब्यवसाय संचालनकालागि विशेषगरी महिलालाई केन्द्रीत गरेर लघुवित्त सेवा उपलब्ध गराउँदै आएको छ। समय सापेक्ष ग्राहकको चाहनाअनुसार सेवा तथा सुविधाहरुमा परिस्कृत गर्दै लैजान ब्यवस्थापन प्रतिवद्ध रहेको छ। लघुवित्तको पहुँच नपुगेको जिल्ला तथा ग्रामीण क्षेत्रमा कार्यक्रम विस्तार गर्न प्राथमिकता दिइनेछ। अगामी अबधिको व्यवसायिक योजनामा व्यवसाय विस्तारको लागि बचत संकलनलाई विशेष प्राथमिकतामा राखिनुको साथै कर्मचारीको उत्पादकत्व बृद्धि गर्न र ग्राहकमैत्री कार्यक्रम संचालनका लागि तालिम कार्यक्रमलाई जोड दिइनेछ।

(ग) विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण : वर्तमान परिस्थितिमा वैक तथा वित्तीय संस्थाहरुले प्रवाह गर्ने थोक कर्जा सापट रकमको ब्याजदरमा केही स्थिरता आएको भएता पनि लघुवित्त वित्तीय बजारमा श्रोतको परनिर्भरता, लघुवित्त क्षेत्रमा देखिएको अस्वस्थ प्रतिस्पर्धा,कर्मचारीहरुबाट छिटो छिटो संस्था परिवर्तन गर्ने, लघुवित्त वित्तीय संस्था विरुद्धका विभिन्न गतिविधि जस्ता कुराहरुले असर गर्न सक्ने भएता यस्ता घट्ना बाट पर्न सक्ने असरबाट सचेत भई संस्थाले तय गरेको नीतिबाट हाल देखिएका समस्याहरु समयमै समधान गर्दै लैजाने योजना रहेको छ।

३. कानूनी कारवाही सम्बन्धी विवरण :

क) त्रैमासिक अवधिमा वित्तीय संस्थाले कसैको विरुद्धमा कुनै मुद्दा दायर गरेको छैन र वित्तीय संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए सोको कुनै सूचना प्राप्त भएको छैन।

(ख) वित्तीय संस्थाका संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमाकुनै मुद्दा दायर गरेको वाभएको सम्बन्धमाकुनै जानकारी प्राप्तभएको छैन।

(ग) कुनै संस्थापकवा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :

(क) दोस्रो बजारमा हुने शेयर सम्बन्धी कारोबारका लागि नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयर सूचिकृत गराएको छ।

(ख) नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेबसाईट www.nepalstock.com अनुसार त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको शेयरको कारोवार निम्नअनुसार भएको देखिन्छ।

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार कुल दिन | कारोबार शेयर संख्या |
|---|---|---|---|---|
| २४१२ | १४१४ | १४१४ | ५५ | ७६६८७९ |

५. समस्या तथा चुनौती :

लघुवित्त क्षेत्र विरुद्ध संघर्ष समितिको नामबाट भएका विभिन्न अवान्छित कृयाकलापहरुले गर्दा कर्जा असुलीमा समस्या, राष्ट्रिय तथाविश्व अर्थतन्त्रमा आएको संकुचनको कारण सृजित समस्याले ऋणीहरुको व्यवसाय तथा आयआर्जन खुम्चिएकोले लघुवित्त क्षेत्रको असुली तथा मुनफा आगामी दिनमा अझ बढी प्रभावित हुनसक्ने अनुमान गर्न सकिन्छ। ऋणीहरुको कर्जामा दोहोरोपना त्यस्तै लघुवित्त संस्थाहरु विचमा अस्वस्थ प्रतिस्पर्धा, दक्षजनशक्तिको अभाव, नियमक निकायबाट नीति नियमहरुमा हुने परिवर्तन उत्पादित वस्तुको बजारको अभाव जस्ता चुनौतिहरु प्राकृतिक तथा अन्य विपतीहरुबाट सृर्जना हुने परिस्थितिहरुबाट हुन सक्ने चुनौतिहरु समाना गर्नु परेको छ।

६. संस्थागत सुशासन :

(क) नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरुको पालना गर्नुको साथै प्रचलित ऐनहरु : कम्पनी ऐन२०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐ नं. २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन२०७३, आयकर ऐन २०५८ आदि पालना गरिएको छ।

(ख) संस्थागत सुशासन परिपालनाको लागि वित्तीय संस्थाको प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवासुविधा विनियमावली, आर्थिक प्रशासन विनियमावली, सूचना तथा प्रविधी प्रणाली निर्देशिका, जोखिम ब्यवस्थापन नीति, कर्जा नीति,आन्तरिक लेखा परीक्षण नीति,ग्राहक पहिचान कार्यविधि, लगानी नीति नगद कारोवार व्यवस्थान निर्देशिका सम्पति दायित्व ब्यवस्थापन निर्देशिका, कर्मचारी पारिश्रमिक निर्धारण नीति, कर्मचारी दक्षता अधिवृद्धि सम्वन्धि कार्यविधि, सञ्चालक निर्वाचन निर्देशिका, सञ्चालक शिक्षा कार्यक्रम कार्यविधि, समूह सञ्चालन निर्देशिका, ग्राहक संरक्षणकोष सञ्चालन कार्यविधि, कर्मचारी मोटरसाइकल कर्जा निर्देशिका, कर्मचारी सामाजिक कर्जा कार्यविधि, संस्थागत सामाजिक उत्तरदायित्व कोष सञ्चालन कार्यविधि आदि नीति नियमतथा निर्देशिका बनाई पालना गरिएको छ।

(ग) वित्तीय संस्थाले आफ्नो कारोवारलाई चुस्त, दुरुस्त छिटो छरितो एबं आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन सञ्चालक समिति तहमा लेखापरीक्षण समिति, जोखिम ब्यवस्थापन समिति, कर्मचारी सेवा सुविधार सम्पत्ति शुद्धिकरण अनुगमन समिति गठन गरेको छ।

७.सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण :

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु, कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचनार जानकारीहरु लुकाइएको छैन।



**विद्यार्थीले उत्पादन गरेको काउली:**
कैलालीको जानकी गाउँपालिका-९ स्थित अरुणोदय माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुले विद्यार्थी करेसाबारी कार्यक्रमअन्तर्गत उत्पादन गरेको काउली प्रदर्शन गर्दै । तस्विर : भलनाथ खनाल/रासस

# स्याङ्जामा ७६ हतियार अझैं बाहिर



**श्रीकृष्ण सिग्देल**
*स्याङ्जा*

सरकारसँग इजाजत लिएर विभिन्न व्यक्तिहरूले राखेका ७६ हतियार अझैं बुझाएका छैनन् । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै स्याङ्जा प्रशासनले इजाजत प्राप्त हातहतियार बुझाउन निर्देशन दिएको थियो ।

सो निर्देशनपछि ४६ थान हतियार प्राप्त भएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक प्रशन्न चौधरीले जानकारी दिए । जिल्ला प्रशासनमा प्रत्येक दुई/दुई वर्षमा १ सय २२ हातहतियार नविकरण हुँदै आएको छ । प्रहरीका सूचना अधिकारी चौधरीका अनुसार अझैं ७६ हतियार बुझाउन बाँकी रहेको छ ।

हतियार राखेका व्यक्तिले आफूलाई पायक पर्ने नजिकको प्रहरी चौकीमा पुगेर माघ २० गतेभित्र हतियार बुझाउन प्रशासनले आग्रह गरेको थियो । अहिलेसम्म बुझाइएको हतियार निकै कम भएको बताइएको छ । अब हतियार नबुझाउनेहरूको हकमा के गर्ने भन्ने सुरक्षा समितिले निर्णय गर्ने प्रहरीले जनाएको छ । अझैं पनि हतियार बुझाउन सकिने बताइएको छ ।

'कतिपय मान्छेले हतियार बाहिर जिल्लामा राखेकाले आउन ढिला भएको हुनसक्छ भन्ने हाम्रो अनुमान हो,' सूचना अधिकारी चौधरीले भने-'दर्तावाला व्यक्तिलाई खबर गरेर छिटो हतियार बुझाउन आग्रह गरिरहेका छौं, हतियार नबुझाउने विषयमा छिट्टै सुरक्षा समितिले निर्णय गर्ने छ ।'

निर्वाचनलाई शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्न जिल्ला प्रशासनले हतियार बुझाउन आग्रह गरेको हो । प्रशासनले जारी गरेको सूचनाअनुसार हतियार बुझाउने समय सकिएको छ ।

निर्वाचनलाई भयरहित, निष्पक्ष र शान्तिपूर्ण बनाउन हतियार खरखजाना ऐन २०१९ को दफा ८ बमोजिम प्रत्येक निर्वाचनका बेला जिल्लाका विभिन्न व्यक्तिसँग इजाजतसहित भएका हतियार प्रहरीलाई बुझाउन आग्रह गर्दै आएको छ । केही समयका लागि हतियार प्रशासनलाई बुझाउन भने पनि निश्चित समयपछि फिर्ता हुने प्रशासनले जनाएको छ ।

यसभन्दा अगाडि अवैध रूपमा राखिएका हतियार प्रहरीले बरामद गरी कारबाही प्रक्रिया अगाडि बढाएको छ । निर्वाचन लक्षित प्रहरीले सुरक्षा रणनीतिअनुसार गस्तीलाई तीव्रता दिएको जनाएको छ ।

# 'बदलिएको काँग्रेसले मुलुकलाई पनि बदल्छ'

बुटवल । युगअनुसार बदलिएको काँग्रेसले मुलुकलाई पनि बदल्ने काँग्रेस नेताहरुले दाबी गरेका छन् । आसन्न प्रतिनिधिसभा निर्वाचनका सन्दर्भमा रुपन्देही क्षेत्र नं. २ मा वडा प्रचार कार्यालयहरुको उद्घाटनका क्रममा नेताहरुले काँग्रेस मुलुकको मियो पार्टी भएको दाबी गर्दै मुलुकलाई सही दिशा र गति दिनका लागि काँग्रेसकै नेतृत्वमा सरकार बन्नुपर्ने जिकिर गरेका हुन् ।

रुपन्देही क्षेत्र नं. २ अन्तरगत बुटवल उप-महानगरपालिका वडा नं. ६ को प्रचार कार्यालय उद्घाटनका क्रममा बोल्दै काँग्रेस केन्द्रीय सदस्य रामबहादुर कार्कीले युग अनुसार बदलिएको काँग्रेसले देशको मुहार पनि बदल्ने दाबी गरे । उनले अहिले काँग्रेसले आम नेपालीले आशा र भरोसा गरेका पार्टी सभापति गगनकुमार थापालाई प्रधानमन्त्रीको उम्मेद्वारका रुपमा अगाडि सारिएको बताउँदै उनको नेतृत्वमा बन्ने सरकारले मुलुकलाई सही दिशा र गति दिने दाबी गरे । त्यसका लागि मुलुकभर नेपाली काँग्रेसका उम्मेदवारलाई जिताउन पनि उनले आग्रह गरे ।

नेपाली काँग्रेसले रुपन्देही २ मा पार्टीका महासमिति सदस्य, समाजसेवी, उद्योगपती चुन्नप्रसाद शर्मा पौडेललाई उम्मेदवार बनाएको बताउँदै उनको जितले यस क्षेत्रको भौतिक, सामाजिक, आर्थिक तथा औद्योगिक विकासमा नयाँ आयाम ल्याउने विश्वास उनले व्यक्त गरे ।

त्यस अवसरमा उम्मेदवार पौडेलले आगामी निर्वाचन पार्टीको विश्वास, इतिहास र भविष्यको परीक्षा भएको औंल्याउँदै लामो समयपछि नेपाली काँग्रेसको पहिचान रुख चिन्हमा मतदान गर्न पाउनु गौरवको विषय भएको बताए । उम्मेदवार पौडेलले नेपाली काँग्रेसमा अनुभवी र दिग्गज नेताका साथै उत्साही युवा तथा विद्यार्थीहरू टोल-टोलमा खटिरहेको पनि बताए । लोकतन्त्र संसारकै सबैभन्दा लोकप्रिय शासन व्यवस्था भए पनि देशमा राजनीतिक अस्थिरता, युवा निराशा र जनविश्वास कमजोर हुँदै जानु चिन्ताको विषय भएको बताउँदै उनले भने-'हिजोको अवस्थाभन्दा आज हामी कति बदलिएका छौं, जनताको आशा कति बोकेका छौं भन्ने प्रश्न आफैंलाई सोध्न आवश्यक छ ।'

उनले यस्ता यावत समस्याको समाधान खोज्न आफू राजनीतिमा आएको स्पष्ट पार्दै आफूले झुटा सपना नदेखाउने, सत्य बोल्ने, जिम्मेवारी लिने र काम गरेर देखाउने प्रतिबद्धता व्यक्त गरे । उनले अब व्यक्तिगत स्वार्थभन्दा माथि उठेर सामूहिक लक्ष्य रोज्नुपर्ने, निराशा होइन आशा छर्नुपर्ने समय आएको उल्लेख गर्दै भोलीको नेपाल युवामैत्री, रोजगारमुखी र सुशासनयुक्त बनाउने नेपाली काँग्रेसको लक्ष्यमा आफू सारथी बन्ने विश्वास दिलाए । नेपाली काँग्रेसलाई बलियो बनाएर देशको भविष्य सुरक्षित गर्न कालागि सबैलाई एकताबद्ध भएर आम नेपाली जनताको विश्वास जितेको नेपाली काँग्रेसको रुख चिन्हमा मतदान गर्न आम मतदातालाई उनले आग्रह गरे ।

त्यस्तै पार्टीका क्षेत्रीय सभापति, निर्वाचन परिचालन मुल समितिका संयोजक प्रजापाल गिरीले आम नेपाली जनताले भरोसा गरेको नेपाली काँग्रेसले गर्विलो इतिहास बोकेको र सुनौलो भविश्यको मार्गचित्र पनि कोरेको बताउँदै आम नेपालीले देखेको सपना साकार पार्ने प्रतिबद्धता व्यक्त गरे । अहिले नेपाली जनतामा नेपाली काँग्रेस प्रतिको आशा र भरोसा बढेको बताउँदै उनले यो आशा र भरोसालाई तुईन नदिईने दाबी गरे । त्यसका लागि नेपाली काँग्रेसलाई विश्वास गरेर पार्टीका उम्मेदवारलाई जिताउन पनि उनले आग्रह गरे ।

बुटवल उप-महानगरपालिका वडा नं. ६ का सभापति ताराप्रसाद ज्ञवालीको सभापतित्वमा भएको कार्यक्रममा पार्टीका नेताहरुले नेपाली काँग्रेसलाई विश्वास गरेर नेपाली काँग्रेसले अगाडि सारेका उम्मेदवारलाई जिताउन रुख चिन्हमा मतदान गर्न आम मतदातालाई आग्रह गरेका थिए । बुटवल उप-महानगरपालिकाका १३, तिलोत्तमा नगरपालिका ६ र सैनामैना नगरपालिकाका ४ गरी २३ वटा वडा समेटिएको क्षेत्र नं. २ मा नेपाली काँग्रेसले १६ वटा वडामा निर्वाचन परिचालन वडा कार्यालय स्थापना गरिसकिएको क्षेत्रीय सचिव, निर्वाचन परिचालन मुल समितिका सदस्य सचिव विमलराज भट्टराईले जानकारी गराए । त्यसमध्ये शुक्रबार मात्रै बुटवल उप-महानगरपालिकाका १, ६ र १० तथा तिलोत्तमा नगरपालिकाको वडा नं. ३ मा निर्वाचन परिचालन वडा कार्यालय उद्घाटन गरिएको छ ।

# महिन्द्राका बीई-६ र एक्सइभी ९ई बिक्री सुरु



भैरहवा । महिन्द्राका बीई-६ र एक्सईभी ९ई रूपन्देहीमा सार्वजनिकसँगै बिक्री सुरु भएको छ । हेटौडा, वीरगंज र चितवन पछि अग्नि समूहको सहायक कम्पनी तथा नेपालका लागि महिन्द्रा अटोमोबाइल्सको आधिकारिक वितरक अग्नि आस्था प्रा.लि.ले रूपन्देहीको तिलोत्तमा ९ भलबारीबाट बिक्री सुरु गरेको हो ।

नेपालको ७औं शोरूमको रूपमा तिलोत्तमा चेम्बर अफ कमर्शका अध्यक्ष ज्ञानेन्द्र कार्कीको प्रमुख आतिथ्यतामा गाडीको उद्घाटन गरी यी नयाँ विद्युतीय एसयूभीहरू औपचारिक रूपमा बजारमा ल्याइएका हुन् ।

गाडीको उद्घाटन गर्दै अध्यक्ष कार्की समय परिवर्तन भइरहेको बेला आवश्यकता र मागअनुसार नै महिन्द्राले विद्युतीय एसयूभीहरू ल्याएको छ, यसले पेट्रोलियम पदार्थबाट हुने व्यापार घाटा केही भए पनि काम गर्ने बताए ।

भैरहवा र बुटवलको केन्द्रमा रूपन्देही र आसपासका क्षेत्रीय बजारलाई लक्षित गर्दै अत्याधुनिक इलेक्ट्रिक ओरिजिन एसयूभीहरू-बीई-६ र एक्सईभी ९ई-सार्वजनिक भएको कम्पनीले जनाएको छ । पेट्रोलियम गाडीमा उत्कृष्टता हासिल गरेको कम्पनीले ग्राहकहरूको माग र आवश्यकतालाई मध्यनजर गर्दै अत्याधुनिक विद्युतीय एसयूभीहरू भित्र्याइरहेको छ । भारतमा उच्च श्रेणीमा रेन्किङ भएको गाडीमा ७ बटा एयर बैग रहेको कम्पनीका प्रोडक्ट म्यानेजर सागर भट्टराईले जनाए ।

महिन्द्रा र सुरक्षा एक अर्काको परिपुरक रहेको भन्दै महिन्द्राका यी विद्युतीय एसयूभीहरू 'इङ्ग्लो प्लेटफर्म'मा आधारित छन् भने संसारकै सबैभन्दा इन्टेलिजेन्ट अटोमोटिभ आर्किटेक्चर मानिने 'माया' प्रणालीबाट सञ्चालित छन् । कम्पनीका अनुसार बीई-६ र एक्सईभी ९ईले पर्फमेन्स, इन्टेलिजेन्स, आधुनिक डिजाइन र दिगोपनालाई एकैसाथ समेटेका छन्, जसले नेपाली विद्युतीय सवारी बजारमा नयाँ मापदण्ड स्थापित गर्ने अपेक्षा गरिएको भलबारी शाखा प्रमुख प्रज्ज्वल अर्यालले जानकारी दिए ।

# नवलपुरमा ११ वटा निर्वाचन स्थल अति संवेदनशिल



**रामकुमार श्रेष्ठ**
*नवलपुर*

नवलपुर जिल्लामा ११ वटा निर्वाचन स्थललाई अति संवेदनशिल निर्वाचन क्षेत्रको रूपमा तय गरिएको छ ।

१ सय १४ वटा निर्वाचन स्थल तथा ३ सय ११ मतदान केन्द्र रहेको नवलपुरमा ११ वटा निर्वाचन स्थल अति संवेदनशिल, ५० वटा संवेदनशिल र ५३ वटा निर्वाचन स्थल सामान्य रहेको वर्गीकरण गरिएको नवलपुरका प्रमुख जिल्ला अधिकारी भविश्वर पाण्डेयले बताए ।

प्रतिनिधिसभा निर्वाचनका लागि २ वना निर्वाचन क्षेत्र रहेको नवलपुर जिल्लामा निर्वाचन क्षेत्र नं. १ का लागि ५८ वटा र निर्वाचन क्षेत्र नं. २ का लागि ५६ वटा गरी १ सय १४ वटा निर्वाचन स्थल तय गरिएको जिल्ला निर्वाचन कार्यालय नवलपुरका कार्यालय प्रमुख लालप्रसाद भुसालले बताए ।

नवलपुरका प्रमुख जिल्ला अधिकारी पाण्डेयका अनुसार नवलपुरमा आगामी फागुन २१ मा हुने प्रतिनिधि सभा निर्वाचनका लागि सुरक्षा निकायले निर्वाचन स्थलको रेकी गर्न सुरु गरिसकेको छ ।

यहाँ नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी र निर्वाचन प्रहरी गरी ४ वटै तहको सुरक्षा घेरामा निर्वाचन स्थलको सुरक्षा गरिनेछ ।

सुरक्षाकर्मीहरूले अहिलेदेखि नै नवलपुर जिल्लामा निर्वाचनलाई लक्षित गरी मोबाइल फोर्स, पैदल गस्ती, सादा पोशाकमा गस्तीलगायतका गतिविधि बढाइसकेको छ ।

त्यसैगरी निर्वाचन स्थलमा निर्वाचन कर्मचारीसँगै सुरक्षाकर्मी पठाइने छ । निर्वाचनको मितिभन्दा ४ दिन अगाडि नै निर्वाचन स्थलमा कर्मचारीहरू निर्वाचनको तयारीका लागि खटाइने उनले बताए ।

नवलपुर निर्वाचन क्षेत्र नं. १ मा १लाख ३७ हजार ८१ जना मतदाता र निर्वाचन क्षेत्र नं. २ मा १ लाख ३१ हजार ४ सय ४५ जना मतदाता रहेका छन् । नवलपुर क्षेत्र नं. १ मा ३ जना स्वतन्त्रसहित १६ जनाको उम्मेदवार र नवलपुर क्षेत्र नं. २ मा ५ जना स्वतन्त्रसहित १८ जना उम्मेदवारहरू चुनावी मैदानमा होमिएका छन् ।

यहाँ नेपाली काँग्रेस, नेकपा एमाले, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) र रास्वपा, राप्रपा, श्रमसंस्कृति पार्टीलगायतका दलहरू चुनावी मैदानमा छन् ।

# महिला हत्या घटनामा दुई जना पुपर्क्षका लागि कारागार चलान

नवलपुर । नवलपुरको मध्यविन्दु नगरपालिका बाहुनी कुना अरूणखोलामा महिला हत्याको आरोपमा पक्राउ परेका दुई जना पुपर्क्षका लागि कारागार चलान भएका छन् ।

जिल्ला प्रहरी कार्यालय नवलपुरका प्रहरी उपरीक्षक युवराज खड्काका अनुसार नवलपुरको विनयी त्रिवेणी गाउँपालिका ५ सर्दी चुकाहा निवासी ३१ वर्षीय दिपक सुनार भन्ने वीरबहादुर विक र भारतको विहार मधौलिया घर भई हाल मध्यविन्दु ११ अरूणखोला निवासी ४६ वर्षीय बहराम शाह कारागार चलान भएका हुन् ।

उनीहरू दुई जनाले मध्यविन्दु १० निवासी ३५ वर्षीया रीता मुसहरको हत्या गरी उनको शव बोरामा पोको पारेर बाहुनी कुनास्थित पूर्वपश्चिम राजमार्गको कल्भर्ड मुनी कुसुन्डे सिँचाइको नहरमा फालेका थिए ।

गत पुष २३ गते बिहान महिलाको शव बोरामा पोको पारेर नहरमा फालिएको अवस्थामा फेला परेपछि प्रहरीले वीरबहादुर विक र बहराम शाहलाई पक्राउ गरेको थियो ।

प्रहरी उपरीक्षक युवराज खड्काका अनुसार वीरबहादुरले उक्त महिलालाई शाह बस्दै आएको घरमा ल्याएपछि विकले चिर्पटले हानेर हत्या गरेको र शाहले बोरामा पोको पारेर फालेको बयान दिएको बताए । उनीहरूले हत्या किन र केका लागि गरेका हुन भनेर नखुलाएको उनले जनाए ।

पोको पारेर फालिएको अवस्थामा भेटिएको महिलाको शरीरमा चोटपटक देखिएपछि प्रहरीले हत्या आशंकामा घटनाको अनुसन्धान अगाडि बढाएको थियो ।

नवलपुर जिल्ला अदालतको आदेशअनुसार पक्राउ परेका दुवै जना कारागार चलान भएको प्रहरी उपरीक्षक युवराज खड्काले जानकारी दिए ।

## आवश्यक कागजात हराएको सूचना

मेरो निम्न विवरण भएको +२ को माइग्रेशन, मार्कसिट, सर्टिफिकेट, प्रोभिजनल २०८२।०८।३० गते गुल्मीदेखि बुटवल आउने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्कमा गरिदिनु हुन बिनम्र अनुरोध छ ।

| | |
|---|---|
| **नाम:** | : **असिम राकश** |
| **ठेगाना:** | : **गुल्मीदरबार-३, गुल्मी** |
| **सिम्बोल नं.:** | : २४६००८७१ |
| **रजिष्ट्रेशन नं.** | : ८०५४६०१३०००८ |
| **मोबाईल नं:** | : ९८५७०८४१८३ |

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ
न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही

विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाइनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद विक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com